# सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
# SIDDHARTHA INSURANCE LIMITED

Time :- 10:29

नेपाल स्टक एक्सचेन्ज लि.
दर्ता नं.: ८१०३
मिति: २।२३

च.नं.९८५० / ०७५ / ०७६

मिति :२०७६/०२/२३

श्री नेपाल स्टक एक्सचेन्ज लि.

शिंहदरवार प्लाजा, काठमाण्डौ

विषय : **<u>शेयर दाखिल खारेज सम्वन्धमा</u>** ।

मिति २०७६ जेष्ठ २१ गते बसेको सञ्चालक समितिको १४७ औं बैठकले यस कम्पनीको १७ औं वार्षिक साधारण सभा बोलाउने तथा साधारण सभाको प्रयोजनको निम्ननुसारको शेयर दाखेल खारेज बन्द गर्ने निर्णय गरेको व्यहोरा अनुरोध गर्दै , बार्षिक साधारण सभा सम्वन्धि मिति २०७६ जेष्ठ २३ गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सुचनाको प्रति यसै साथ संलग्न राखि पठाईएको अनुरोध गर्दछु ।

नगद लाभासं प्रतिशत : छैन ।

बोनस शेयर प्रतिशत : १५.४८४३३% ( पन्ध्र दशवमलब चार आठ चार तीन तीन प्रतिशत ) ( प्रस्तावित कित्ता १३४०८१६.५० ) वोनस शेयरमा लाग्ने लाभांस कर सम्वन्धित शेयरधनीले व्यर्होनु पर्ने ।

हकप्रद शेयर प्रतिशत : छैन ।

शेयर दाखेल खारेज ( Book Close ) मिति : २०७६ जेष्ठ ३० गते देखि आषाढ १३ साधारण सभा हुने दिन सम्म ।

हालको चुक्ता पुजी : ८६,५९,१८,३५०/-

बार्षिक साधारण सभाको मिति : २०७६ आषाढ १३ गते ( २८ जुन २०१९ ) शुक्रवार

समय : बिहान ११:०० वजे

स्थान : रसियन सेन्टर अफ साईन्स एण्ड कल्चर कमलपोखरी ,काठमाण्डौ

Siddhartha Insurance Ltd. Kathmandu

बीरेन्द्र बैदवार क्षेत्री
प्रमुख कार्यकारी अधिकृत

**Head Office:** Siddhartha Insurance Bhawan, 4th Floor, Babarmahal (Hanumansthan), P.O. Box: 24876, Kathmandu, Nepal
Tel: 01-5705766, 5707190, 5705447, 5705983, Fax: 977-1-5706776, E-mail: info@siddharthainsurance.com

२०७६/२/२३
आर्थिक राजेन्द्र
दैनिक

सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
Security in a true sense
रहौं निस्फिक्री
बबरमहल, काठमाडौं, फोन नं.: ५७०५७६६, ५७०७१९०, ५७०५४४७, फ्याक्स नं.: ५७०६७७६, Email : info@siddharthainsurance.com

# सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको सत्रौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७६ साल जेष्ठ २१ गते (४ जुन, २०१९) मङ्गलबारका दिन बसेको सञ्चालक समितिको १४७ औं बैठकको निर्णयानुसार यस कम्पनीको १७ औं (सत्रौं) वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

- मिति : २०७६ साल आषाढ १३ गते, शुक्रवार (तदनुसार २८ जुन, २०१९)
- समय : विहान ११:०० बजे
- स्थान : रसियन सेन्टर अफ साईन्स एण्ड कल्चर कमलपोखरी, काठमाण्डौ

**छलफलका विषयहरु**

**क. सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७४/०७५ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरु छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व.२०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गरी, निजको पारिश्रमिक निर्धारण गर्ने । (एन.अमात्य एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स कानूनत पुन: नियुक्त हुन सक्नेछ)
४. सञ्चालक समितिमा संस्थापक समूह अन्तर्गत रिक्त एक र सर्वसाधारण समूह अन्तर्गत रिक्त एक सञ्चालक पदमा बाँकी अवधिको लागि भएको सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।
५. सञ्चालक समिति तथा अन्य समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकहरुलाई प्रदान गरिने बैठक भत्ता वृद्धि गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १५.४८४३३ प्रतिशतले हुन आउने रकम रु. १३,४०,८१,६५०/- बराबरको बोनस शेयर जारी गर्ने ।
२. प्रवन्धपत्रको दफा ५ को (क), (ख) पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने ।
३. नियमावलीको नियम ५ को (क), (ख) र (घ) पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने ।
४. नियमावलीको नियम ३४ को उप-नियम ५ मा बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था थप गर्ने ।
५. सञ्चालकहरुलाई प्रदान गरिने बैठक भत्ता सम्बन्धमा नियमावलीको नियम २८ को उप-नियम १ मा रहेको व्यवस्थालाई संशोधन गरि, सञ्चालकहरुलाई प्रदान गरिने बैठक भत्ताको रकम उल्लेख गर्ने ।
६. संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने वा निर्णय कार्यान्वयन गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. सञ्चालक समितिमा समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

**घ. विविध ।**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि यस कम्पनीको शेयर दाखिल खारेज गर्ने कार्य मिति २०७६ साल जेष्ठ ३० देखि साधारण सभा हुने दिन सम्म बन्द रहने छ ।
२. २०७६ साल जेष्ठ २९ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भएका शेयरहरु बोनस शेयर तथा साधारण सभा प्रयोजनको लागि योग्य रहने छन ।
३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको मुख्य कार्यालय सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहलमा दर्ता गराईसक्नु पर्नेछ ।
५. शेयरधनीहरुबाट उठेको प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिने छन ।
६. विविध विषय अन्तरर्गत कुनै शेयरधनी महानुभावले कम्पनी सम्वन्धमा केही जिज्ञासा भई सो राख्न चाहेमा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको कार्यालयमा लिखित रुपमा पठाउनुहुन अनुरोध छ ।
७. सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको समूह "क" तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम मिती २०७६ आषाढ ०६ गते निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको मुकाम रहेको सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको मुख्य कार्यालय सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहलमा प्रकाशित गरे बमोजिम हुनेछ ।

- आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण कम्पनीको वेबसाइट www.siddharthainsurance.com मा राखिएको छ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**